# खण्ड ६ सामाजिक विकास योजना

## १.१ तर्कबद्ध पद्दतिमा सामाजिक विकास योजना :

**लक्ष्य :** व्यास न.पा.को सामाजिक पूर्वाधारको विकास गरी सामाजिक उत्थान गर्ने ।

**उद्देश्यहरु :**

१. गुणस्तरीय तथा सर्वसुलभ शिक्षाको अवसर सुनिश्चित गर्ने ।

२. सर्वसुलभ तथा आधारभुत स्वास्थ्य सेवा पहुंच र सरुवा रोग नियन्त्रण तथा उपचार गर्ने ।

३. जनमानसमा खेलकुदका अवसरहरु वृद्धि गर्ने ।

४. लैंगिक समानता र बाल विकासका अवसर वृद्धि गर्ने ।

५. जातीय समानता तथा सौहर्दताको वातावरण नगर तथा सामुदायिक स्तरमा स्थापित गर्ने ।

६. अपांगता भएका नागरिकहरुलाई समग्र विकासको क्षेत्रमा सरल पहुंचको अवसर वृद्धि गर्ने ।

७. अव्यवस्थित बसोबासलाई स्थायी तथा स्वस्थ आवासको व्यवस्था गर्ने ।

८. अति विपन्नहरुको उत्थान गर्ने ।

९. अनाथ, वेसहारा तथा मानसिक असन्तुलन भएका व्यक्तिहरुको व्यवस्थापन गर्ने ।

१०. प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि संस्थागत पहल गरी संयोजन गर्ने ।

**रणनीति/ कार्यनीतिहरु :**

१. गुणस्तरीय शिक्षाको लागि शैक्षिक प्रतिष्ठानहरुको (विद्यालय वा महाविद्यालय) संयोजन गर्ने ।

२. प्राथमिक विद्यालय, निम्न माध्यमिक वा माध्यमिक तहको पूर्वाधार विकासको निम्ति विद्यालय, स्थानीय निकाय, समुदाय, जिल्ला तथा केन्द्रबाट एकिकृत पहल गर्ने ।

३. शिक्षाको विकास लगानीको लागि one window system अवलम्बन गर्ने ।

४. विद्यालयस्तरमा मौलिक सांस्कृतिक बाजागाना सिकाउने, प्राथमिक तहमा अनिवार्य मातृभाषा पढाउने, भाषा सम्बन्धि शिक्षक तालिम सञ्चालन गर्ने ।

५. नगरभित्रका सरकारी एवं नीजि विद्यालयहरुलाई समन्वयन गरी अन्तर विद्यालय खेलकुदलाई प्रोत्साहन गर्ने ।

६. नगरक्षेत्रभित्र रहेका विभिन्न धार्मिक क्षेत्र, पार्क आदिमा बनिसकेका गुरुयोजनालाई समय सापेक्ष अद्यावधिक गरी यथाशीघ्र लागु गर्ने ।

७. संस्कृति झल्कने कला जस्तै : दरैका घुमाउने घरलाई संबर्द्धन गर्न निर्माण मापदण्ड अन्तरगत विशेष प्रावधान राख्ने साथै सोको लागि विशेष सहुलियतको व्यवस्था गर्ने । (बोटे, भुजेल, कुमाल, मगर, गुरुङ्ग, नेवार, माझी)

८. सार्वजनिक सरकारी भवन निर्माण मापदण्डमा महिला तथा अपांगहरुको सरल पहुंचलाई ध्यानमा राखि परिमार्जन गर्ने ।

९. पूर्वाधार विकास तथा निर्माणमा स्थानीय श्रोत तथा साधनलाई प्राथमिकता दिने ।

१०. सामाजिक सशक्तिकरण गर्न सहकारिताको अवधारणलाई प्राथमिकता दिने ।

११. महिला, बालबालिका तथा अपांगता भएका व्यक्तिहरु लगायत समावेशी संरचनाहरुलाई प्रोत्साहन गर्ने ।

१२. हरेक क्षेत्रको संरचनामा समावेशी नीति तथा व्यवस्थापनलाई प्राथमिकता दिने ।

१३. परम्परागत पेशालाई व्यवसायिकरण गर्ने र त्यसको संरक्षण तथा संबर्द्धन गर्नको लागि आवश्यकता अनुसारको प्रविधि अपनाउने ।

१४. प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि तालिम केन्द्र, विद्यालय, महाविद्यालयको स्थापना गर्ने।

**अपेक्षित उपलब्धिहरु :**

१.१ साक्षारता तथा शिक्षित जनसंख्या दरमा उल्लेखनीय रुपमा वृद्धि हुनेछ ।

१.२ शैक्षिक संस्थाहरु आवश्यक पूर्वाधारले सुसज्जित भएको हुनेछ ।

१.३ आधारभूत एवं उच्च शिक्षाको लागि नगरबासी नगर क्षेत्रभित्रै निर्भर भए पुग्नेछ ।

२.१ आधारभूत स्वास्थ्य सेवा सुविधाको समानुपातिक विकास र विस्तार भएको हुनेछ ।

३.१ नगर क्षेत्र भित्रका धार्मिक एंव सांस्कृतिक क्षेत्रको संरक्षण तथा व्यवस्थापन भएको हुनेछ ।

३.२ नगरक्षेत्र भित्रका विभिन्न समुदायहरुको परम्परागत संस्कृति एंव कला र साहित्यको उचित संबर्द्धन एंव प्रवर्द्धन भएको हुनेछ ।

४.१ खेलकुदका पूर्वाधारहरुको विकास भएको हुनेछ ।

४.२ नगर क्षेत्रभित्र खेलकुदको वातावरणको विकास तथा गतिविधिको वृद्धि भएको हुनेछ ।

४.३ खेलकुद विकासको माध्यमबाट न.पा.को मनोरञ्जन सुविधामा विकास भएको हुनेछ ।

५.१ लैङ्गिक विभेदमा कमी आउनेछ, महिलाहरु विभिन्न क्षेत्रमा पुरुष सरह प्रतिस्पर्धीको रुपमा अगाडी हुनेछन्

५.२ बाल विकासका अवसरहरु बढ्नेछ, पूर्व प्राथमिक शिक्षाका अवसरहरु सबै बाल बालिकाहरुलाई बढ्नेछ ।

६.१ जातीय विभेदमा कमी आई सौहार्दताको वातावरणको विकास हुनेछ ।

७.१ अपांग नागरिकहरु अरु सरह समग्र क्षेत्रमा प्रतिस्पर्धीको रुपमा अगाडी हुनेछन् ।

८.१ नगरपालिका क्षेत्र अव्यवस्थित बसोबास रहित हुनेछ ।

९.१ सम्पन्नताको स्तर बढ्नेछ ।

१०.१ जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा र संरक्षणको विशेष व्यवस्था गर्ने ।

**प्रमुख कार्यक्रमहरु :**

१. आधारभूत (प्राथमिक) बाल शिक्षा

२. गृहिणी शिक्षा

३. प्रौढ शिक्षा

४. उच्च शिक्षा पूर्वाधार विकास कार्यक्रम

५. विद्यालय पूर्वाधार विकास कार्यक्रम

६. घुम्ती स्वास्थ्य सेवा कार्यक्रम/ सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य शिविर संञ्चालन ।

७. शिक्षण संस्था संयोजन तथा स्तर वृद्धि कार्यक्रम

८. सांस्कृतिक/धार्मिक पर्यटन विकास कार्यक्रम

९. अन्तर विद्यालय खेलकुद कार्यक्रम

१०. नगर खेलकुद विकास कार्यक्रम

११. महिला तथा बाल विकास कार्यक्रम

१२. चेतनामूलक सांस्कृतिक कार्यक्रम

१३. अति विपन्न परिवारका सदस्यलाई सीपमुलक तालिम कार्यक्रम र बस्तुगत टेवा रोजगारमुलक कार्यक्रम।

१४. एच.आई.भि. र एड्स तथा अन्य सरुवा रोग नियन्त्रण र जनचेतना कार्यक्रम ।

१५. अनाथ आश्रम, परार्मश केन्द्र र पुर्नस्थापना केन्द्रको स्थापना ।

१६. अपांगता भएका व्यक्तिहरुको सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरु

१७. जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा र सम्मानको लागि कोष स्थापना

१८. वहुउद्देश्यीय भवन (मल्टिप्रपोज भवन)

## १.२ सामाजिक विकास वित्तीय लगानी योजना

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ११.० | **आधारभूत (प्राथमिक) बाल शिक्षा** | न.पा. | १५,०००,०००.० | | २०६७ | २०७२ | जि.शि.का, गैसस, जि.वि.स., न.पा. | क्रमानुगत |
| १२.० | **गृहिणी शिक्षा** | न.पा. | १०,०००,०००.० | | २०६७ | २०७२ | जि.शि.का, गैसस, जि.वि.स., महिला विकास, न. पा. | क्रमानुगत |
| १३.० | **प्रौढ शिक्षा** | न.पा. | ५,०००,०००.० | | २०६७ | २०७२ | जि.शि.का, गैसस, जि.वि.स., न.पा. | क्रमानुगत |
| १४.० | **उच्च शिक्षा पूर्वाधार विकास कार्यक्रम** | न.पा. | ५,०००,०००.० | | २०६७ | २०७२ | न.पा., निजी क्षेत्र, जि.शि.का.,शा.वि.भ.नि.वि. | |
| १५.० | **विद्यालय पूर्वाधार विकास कार्यक्रम** | न.पा. | १०,०००,०००.० | | २०६७ | २०७२ | न.पा., निजी क्षेत्र, जि.शि.का.,शा.वि.भ.नि.वि. | |
| १६.० | **शिक्षण संस्था संयोजन तथा स्तर वृद्धि कार्यक्रम** | न.पा. | ५,०००,०००.० | | २०६७ | २०७२ | न.पा., निजी क्षेत्र, जि.शि.का. | |
| १७.० | **घुम्ती स्वास्थ्य सेवा कार्यक्रम/ सामुदायिक स्वास्थ्य केन्द्र, स्वास्थ्य शिविर संञ्चालन ।** | न.पा. | ८००,०००.० | | २०६७ | २०७२ | न.पा., निजी क्षेत्र, जि.स्वा.का.,गैसस | |
| १७.१ | सामुदायिक स्वास्थ्य केन्द्र स्थापना | वडागत | २,४००,०००.० | | २०६७ | २०७० | न.पा., जि.स्वा.का.,गैसस, जनसहभागिता | |
| १८.० | **सांस्कृतिक/धार्मिक पर्यटन विकास कार्यक्रम** | | | | | | | |
| १९.० | **नगर खेलकुद विकास कार्यक्रम** | | | | | | | |
| १९.१ | अन्तर विद्यालय खेलकुद कार्यक्रम | | २,५००,०००.० | | २०६७ | २०७२ | जि.खे.वि.स.,जि.वि.स., | |
| १९.२ | नगर स्तरीय कभर्ड हल | ४ | ३०,०००,०००.० | | २०६७ | २०७२ | केन्द्र | १० रोपनी |
| १९.३ | रंगशाला | ४ | १००,०००,०००.० | ३ वर्ष | २०७३ | २०७८ | केन्द्र | ५० रोपनी |
| २०.० | **महिला तथा बाल विकास कार्यक्रम** | | | | | | | |
| २०.१ | खण्डीकृत (महिला, बालबालिका र अपांगता) तथ्याङ्क संकलन । | न.पा. | १५०,०००.० | ३ महिना | २०६७ | २०६८ | न.पा., म.वि.का. | |
| २१.० | **चेतनामूलक सांस्कृतिक कार्यक्रम** | | | | | | | |
| २१.१ | स्थानीय कला, धर्म र संस्कृतिको जगेर्णाका साथै उत्थान क्षेत्र पहिचान गर्ने । | न.पा. | ५००,०००.० | | २०६७ | २०७२ | न.पा. | |
| २२.० | **अति विपन्न तथा लोपोन्मुख परिवारका सदस्यलाई सीपमुलक साथै बस्तुगत टेवा पुऱ्याउने खालका रोजगारमुलक तालिम कार्यक्रम ।** | | | | | | | |
| २२.१ | अति विपन्न परिवार साथै लोपोन्मुख जातिको पहिचान तथा उत्थान कोष स्थापना (जस्तै:वडा नं ३ को रामदासमा चेपाङ्गहरुको पहिचान) | | | | | | | |
| २२.२ | अव्यवस्थित बसोबासको भौतिक नक्सांकन तथा वास्तविक सुकुम्वासी पहिचान | | ५००,०००.० | ६ महिना | २०६७ | | न.पा, शा.वि.भ.नि.वि., गैसस, | |
| २३.० | **एच.आई.भि. र एड्स तथा अन्य सरुवा रोग नियन्त्रण र जनचेतना कार्यक्रम ।** | न.पा. | १०,०००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा, जि.स्वा.का, गैसस, | |
| २४.० | **अनाथ आश्रम, परार्मश केन्द्र र पुर्नस्थापना केन्द्रको स्थापना ।** | ७ | १०,०००,०००.० | १ वर्ष | २०७१ | २०७२ | न.पा, गैसस, निजी | |
| २५.० | **वडास्तरीय सामुदायिक भवन (गृहिणी, शिक्षा, बाल विकास केन्द्र, स्वास्थ्य केन्द्र, पुस्तकालय आदि)** | | | | | | | संस्थागतमा उल्लेख भएको |

| क.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २६.० | **अपांगता भएका व्यक्तिहरुको सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरु** | न.पा. | १००,०००.० | ५ वर्ष | | | | |
| २७.० | **जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षा र सम्मानको लागि कोष स्थापना** | न.पा. | १,०००,०००.० | ५ वर्ष | २०६८ | | न.पा, गैसस, निजी | वार्षिक १००००० |
| २८.० | **वहुउद्देश्य भवन (मल्टिप्रपोज भवन)** | ८ | | | | | न.पा, निजी | १० रोपनी |
| २८.१ | नगर सभा गृह | | २००,०००,०००.० | २ वर्ष | २०७० | २०७२ | | ५०० जनाको लागी |
| २८.२ | प्रर्दशनी हल | | ४,०००,०००.० | | २०७२ | २०७३ | | २०० वर्ग मि. |
| २८.३ | नगर स्तरीय पुस्तकालय | | १,५००,०००.० | | २०७० | २०७२ | | |
| | **कूल लागत** | | ४१३,४५०,०००.० | | | | | |

## खण्ड ७ आर्थिक विकास योजना

### १.३ तर्कबद्ध पद्दतिमा आर्थिक विकास योजना :

**लक्ष्य :** नगर क्षेत्रभित्रका आर्थिक गतिविधिमा महत्वपूर्ण टेवा पुऱ्याउने पक्षहरुको विकास तथा प्रवर्द्धन गर्ने ।

**उद्देश्यहरु :**

१. स्थानीय स्तरमा उद्योग नीति तर्जुमा गर्ने ।

२. कृषि क्षेत्रलाई उत्पादनमा वृद्धि गरी व्यवसायिकरण गर्ने ।

३. नगर क्षेत्र भित्रका संम्भावित पर्यटकिय क्षेत्रको पहिचान गरी विकास तथा प्रवर्द्धन गर्ने ।

४. स्थानीय श्रोत तथा साधनमा आधारित उद्योगहरुको विस्तार गर्ने ।

५. स्वरोजगारको वातावरण सिर्जना गरी गरीबी न्यूनीकरण गर्ने ।

६. बैंक तथा वित्तीय संस्थाहरुलाई लगानीको (नगरबासीको जीवनस्तर उकास्न) उचित वातावरण बनाईदिने।

७. गाउँ नगर साझेदारी कार्यक्रमलाई आत्मसाथ गर्दै लैजाने ।

८. नगरको बजारको व्यवस्थापनलाई सुदृढिकरण गर्ने ।

**रणनीति/ कार्यनीतिहरु :**

१ व्यास नगरपालिकामा पहिचान भएका अग्रणी क्षेत्रहरु व्यवसायिक, कृषि, पर्यटन तथा लघु उद्योग विकासको लागि बढावा दिने ।

२ नीजि क्षेत्रलाई लगानी प्रवर्द्धनमा बढावा दिने ।

३ स्थानीय सम्पदा तथा संस्कृतिलाई गरीबी निवारणसंग जोड्ने कार्य योजनाहरु बढाउने ।

४ वडा स्तरमा दीगो सामुदायिक विकास क्रियाकलापहरुको थालनी गर्न संयन्त्रको स्थापना गर्ने ।

५ स्थानीय सम्भाव्यता र अवसरहरुमा आधारित आर्थिक विकासका विविध क्रियाकलापहरुलाई प्रोत्साहन गरी रोजगारीको अवसरहरु सिर्जना गर्ने ।

६ निर्धारित क्षेत्रमा स्थापना हुने उद्योग व्यवसायीहरुलाई विशेष सुविधा एवं सहुलियत प्रदान गर्ने ।

७ प्रस्तावित भू-उपयोग अनुरुप कृषि सडकहरुको विकास गर्ने ।

८ साना प्रकृतिका उद्योगहरुलाई बजार तथा बस्ती नजिकै स्थापना र विकास गर्न प्रोत्साहित गर्ने ।

९ शहरी भू-उपयोग योजना तर्जुमा गरी तदनुरुप निर्दिष्ट गरिएको स्थानमा औद्योगिक व्यवसाय केन्द्रहरुलाई व्यवस्थित गर्ने ।

१० सार्वजनिक तथा नीजि लगानीका नयाँ विधिहरुको पहिचान तथा कार्यान्वयन गर्ने ।

११ सांस्कृतिक सम्पदाको संरक्षण हुने गरी भौतिक विकास गर्दा नीजि क्षेत्रलाई प्रत्यक्ष पर्न जाने नोक्सानीको परिपूर्ति हुन सक्ने वैकल्पिक उपायहरुको खोजी गर्ने ।

१२ शहरमा ग्रामीण क्षेत्रबाट हुने कृषि उपजको आपूर्ति र बजार क्षेत्रबाट ग्रामिण क्षेत्रमा उपभोग्य बस्तु तथा सेवाका आपूर्तिको रुपमा रहेको अन्तरसम्बन्धलाई सुदृढ तथा दिगो बनाउने कार्यक्रम कार्यान्वयन गर्ने ।

१३ तालिम अनुगमन गर्ने टोली निर्माण गर्ने ।

१४ स्थानीय उद्यमशिलतालाई तालिम र बजार स्थालको उपलब्धता आदिको माध्यमबाट प्रवर्द्धन गरी आपूर्ति व्यवस्थामा त्यसको योगदान अभिवृद्धि गर्ने ।

१५ बैंकिङ क्षेत्रलाई लघु तथा साना उद्योगको क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने, कानुनी तथा नीतिगत व्यवस्था मिलाउने ।

१६ व्यवसायिक कृषि क्रियाकलापहरुलाई बजार व्यवस्थापन, प्राविधिकरण तथा वित्तिय सहयोगको समुचित व्यवस्था गरी प्रोत्साहन गर्ने ।

१७ बजार व्यवस्थापन अनुगमन गर्ने संरचना निर्माण गर्ने ।

१८ पर्यटन क्रियाकलापहरुको विकास र विस्तारमा नीजि तथा वैदेशिक लगानीलाई उचित सुविधा तथा सहुलियतहरु उपलब्ध गराई आर्कषण गर्ने ।

**प्रमुख कार्यक्रमहरु :**

१ स्वरोजगारीमुखी एंव घरेलु सीपमुलक तालिम

२ गाउँ नगर साझेदारी कार्यक्रम

३ स्थानीय कच्चा पदार्थ तथा उत्पादनको बजार व्यवस्थापन

४ पुराना नहर, कुलो, बाँधहरुको उचित मर्मत सम्भार

५ बुल्दी, सांगे, छाब्दी खोला व्यवस्थित सिंचाइ

६ आयमुलक नगदेवाली उन्मुख तालिम

७ प्राङगारिक खेती सम्बन्धि जनचेतना

८ डेरी विकास साझेदारी कार्यक्रम

९ बाखा पालन सहकारी कार्यक्रम

१० कृषि बजार व्यवस्थापन

११ कृषि सडक सुधार तथा विस्तार

१२ चकलाबन्दी योजना एकिकृत खेती प्रणाली विकास तथा बिस्तार

१३ मानुङकोट एकिकृत पर्यटन विकास

१४ कालिका जंगल पार्क गुरुयोजना कार्यान्वयन

१५ व्यास-पाञ्चायन क्षेत्र गुरुयोजना कार्यान्वयन

१६ भानु घाँसी पार्क सुधार पिकनिक स्पट निर्माण

१७ एकिकृत मादी नदी जल विहार

१८ एकिकृत दरै, बोटे साँस्कृतिक ग्राम विकास

**अपेक्षित उपलब्धिहरु :**

१.१ उद्योग र वाणिज्यको विकासको निम्ति नीजि क्षेत्र प्रोत्साहित हुनेछ ।

१.२ Special Economic Zone तोकिएको भएको हुनेछ ।

२.१ कृषि उत्पादनमा वृद्धि हुनेछ ।

३.१ पर्यटकिय क्षेत्रको विकास हुनेछ ।

३.२ आन्तरिक तथा बाह्य पर्यटकको आगमन संख्यामा वृद्धि हुनेछ ।

४.१ स्थानीय कच्चा पदार्थको व्यवसायिक उत्पादनमा वृद्धि हुनेछ ।

४.२ स्थानीय श्रोत तथा साधनमा आधारित उद्योगहरुको संख्यामा वृद्धि हुनेछ ।

४.३ स्थानीय उत्पादनमा वृद्धि हुनेछ ।

४.४ रोजगारीको अवसर तथा संम्भावना बढ्नेछ ।

६.१ स्थानीय रुपमा लघु उद्योग संञ्चालन गर्न आवश्यक पूजीको व्यवस्था हुनेछ ।

६.३ साना नीजि व्यवसायिहरु प्रोत्साहित हुनेछन् ।

७.१ लक्षित समुदायहरुको जीवनस्तरमा सुधार हुनेछ ।

७.२ शहरी सेवा प्रभावकारी रुपमा जनसमक्ष पुग्नेछ ।

७.३ स्थानीय बासिन्दाहरुको सेवा सुविधाको पहुंच सुनिश्चित हुनेछ ।

८.१ उत्पादित वस्तु तथा सेवाको बजारीकरणमा सुदृढिकरण हुनेछ ।

## १.४ आर्थिक विकास वित्तीय लगानी योजना

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४८.० | **एकिकृत पर्यटन विकास गुरुयोजना** | न.पा. | ८००,०००.० | १ वर्ष | २०६७ | २०६८ | न.पा, पर्यटन विभाग, निजी क्षेत्र | |
| ४९.० | **मानुङकोट एकिकृत पर्यटन विकास** | ७ | | | | | | |
| ४९.१ | मानुङ्गकोट पर्यटन विकास गुरुयोजना तर्जुमा | | १५०,०००.० | ३ महिना | २०६८ | | न.पा, निजी क्षेत्र | |
| ४९.२ | मानुङ्गकोट पर्यटन विकास गुरुयोजना कार्यान्वयन | | ५,०००,०००.० | ५ वर्ष | २०६८ | २०७३ | न.पा, निजी क्षेत्र, श.वि.भ.नि.वि, पर्यटन विभाग | |
| ५०.० | **कालिका जंगल पार्क गुरुयोजना कार्यान्वयन** | ११ | ५,०००,०००.० | ५ वर्ष | २०६८ | २०७३ | न.पा, निजी क्षेत्र, श.वि.भ.नि.वि, पर्यटन विभाग | |
| ५१.० | **व्यास-पाञ्चायन क्षेत्र गुरुयोजना कार्यान्वयन** | १० | ५,०००,०००.० | ५ वर्ष | २०६८ | २०७३ | न.पा, निजी क्षेत्र, श.वि.भ.नि.वि, पर्यटन विभाग | |
| ५२.० | **भानु घाँसी पार्क सुधार पिकनिक स्पट निर्माण** | घाँसी कुवा | २००,०००.० | १ वर्ष | २०६८ | २०६९ | न.पा, निजी क्षेत्र | |
| ५३.० | **एकिकृत मादी नदी जल विहार** | | | | | | | |
| ५३.१ | मादी नदी जलविहार गुरुयोजना तर्जुमा | न.पा. | ३००,०००.० | ६ महिना | २०६८ | २०६९ | न.पा, | |
| ५३.२ | मादी नदी जलविहार गुरुयोजना कार्यान्वयन | न.पा. | ५,०००,०००.० | १ वर्ष | २०६९ | २०७० | न.पा, निजी क्षेत्र, पर्यटन विभाग | |
| ५३.३ | शान्ति नगर - मादी बगर कृत्रिम ताल निर्माण सम्भाव्यता अध्ययन | न.पा. | ३००,०००.० | ६ महिना | २०७१ | | न.पा, निजी क्षेत्र | |
| ५४.० | **एकिकृत दरै, बोटे साँस्कृतिक ग्राम विकास** | | | | | | | |
| ५४.१ | सम्भावित होमस्टे का निम्ति उपयुक्त गाँउहरुको पहिचान तथा अध्ययन | १,५,६,७ | १००,०००.० | २ महिना | २०६७ | | न.पा, निजी क्षेत्र | |
| ५४.२ | होमस्टे का निम्ति तालिम कार्यक्रम | न.पा. | १००,०००.० | १ हप्ता | २०६७ | | न.पा, निजी क्षेत्र, पर्यटन वोर्ड | |
| ५५.० | **पर्यटकिय सूचना केन्द्र स्थापना** | २, १० | ५००,०००.० | ६ महिना | २०६८ | २०६९ | न.पा, | |
| ५६.० | **स्वरोजगारीमुखी एंव घरेलु सीपमुलक तालिम** | न.पा. | ५००,०००.० | ५ वर्ष | २०६८ | २०७३ | न.पा, निजी क्षेत्र, घरेलु कार्यालय | |
| ५७.० | **कृषि पर्यटन घरेलु उद्योगमा आधारित रोजगार सम्बन्धि तथ्याङ्क संकलन तथा अध्ययन** | न.पा. | ३००,०००.० | ६ महिना | २०६७ | | न.पा,घरेलु कार्यालय | |
| ५८.० | **गाउँ नगर साझेदारी कार्यक्रम** | | | | | | | |
| ५९.० | **सेजको लागि अध्ययन** | न.पा. | ३००,०००.० | ६ महिना | २०६८ | | श.वि.भ.नि.वि. | |
| ६०.० | **स्थानीय कच्चा पदार्थ तथा उत्पादनको बजार व्यवस्थापन** | | | | | | | |
| ६०.१ | सामुदायिक वन भित्रका जडिबुटिहरुको अध्ययन तथा अनुसन्धान | न.पा. | ३००,०००.० | ३ महिना | २०६९ | | न.पा, निजी क्षेत्र, जिल्ला आयुर्वेद, वन | |
| ६०.२ | जडिबुटिहरुको बजार अध्ययन | न.पा. | १५०,०००.० | २ महिना | २०६९ | | न.पा, निजी क्षेत्र, जिल्ला आयुर्वेद | |
| ६०.३ | स्थानीय कच्चा पदार्थ अध्ययन | न.पा. | १५०,०००.० | २ महिना | २०६९ | | न.पा, निजी क्षेत्र, घरेलु कार्यालय | |
| ६०.४ | कोसेली घर निर्माण | २, १० | ५००,०००.० | ६ महिना | २०६८ | | न.पा, निजी क्षेत्र, घरेलु कार्यालय | |
| ६१.० | **सिंचाइ तथा कुलो नहर व्यवस्थापन** | न.पा. | | | | | | |
| ६२.० | पुराना नहर, कुलो, बाँधहरुको उचित मर्मत सम्भार | | ५,०००,०००.० | ५ वर्ष | २०६९ | २०७३ | जि.वि.स., सिचाई कार्यालय, कृषि | |

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ६३.० | हाल भएका कुलो नहरहरुको अवस्था अध्ययन तथा विश्लेषण | | २००,०००.० | ३ महिना | २०६७ | | न.पा, | |
| ६४.० | **बुल्दी, सांगे, छाव्दी खोला व्यवस्थित सिंचाइ** | | ५,०००,०००.० | ५ वर्ष | २०६८ | २०७२ | जि.वि.स., सिचाई कार्यालय, कृषि | |
| ६५.० | **आयमुलक नगदेवाली उन्मुख तालिम** | न.पा. | ५००,०००.० | ५ वर्ष | २०६८ | २०७२ | कृषि, गैसस | |
| ६६.० | **प्राङगारिक खेती सम्बन्धि जनचेतना** | न.पा. | ५००,०००.० | ५ वर्ष | २०६८ | २०७२ | कृषि, गैसस | |
| ६७.० | **डेरी विकास साझेदारी कार्यक्रम** | ५ | | | | | | |
| ६७.१ | विपन्न वर्ग लक्षित दुग्ध संकलन केन्द निर्माण | | १,०००,०००.० | १ वर्ष | २०६९ | २०७० | कृषि, निजी क्षेत्र, सहकारी संस्था | |
| ६७.२ | दुग्ध प्रशोधन केन्द निर्माण | | १०,०००,०००.० | १.५ वर्ष | २०७० | | कृषि, निजी क्षेत्र, सहकारी संस्था | |
| ६८.० | **बाखा पालन सहकारी कार्यक्रम** | न.पा. | ५००,०००.० | ५ वर्ष | २०६९ | २०७४ | कृषि, निजी क्षेत्र, सहकारी संस्था | |
| ६९.० | **कृषि बजार व्यवस्थापन** | ११ | | | | | | |
| ६९.१ | बजार क्षेत्रमा सम्भावित कृषि संकलन केन्द्र निर्माण | | २,०००,०००.० | १ वर्ष | २०६८ | २०६९ | कृषि, निजी क्षेत्र, सहकारी संस्था,श.वि.भ.नि.वि. | |
| ६९.२ | चिस्यान केन्द्र निर्माण | | १०,०००,०००.० | १ वर्ष | २०६९ | २०७० | कृषि, निजी क्षेत्र, सहकारी संस्था,श.वि.भ.नि.वि. | |
| ६९.३ | कृषि उत्पादन प्रशोधन केन्द्र निर्माण | | १०,०००,०००.० | १ वर्ष | २०६९ | २०७० | कृषि, निजी क्षेत्र, सहकारी संस्था,श.वि.भ.नि.वि. | |
| ७०.० | **कृषि सडक सुधार तथा विस्तार** | न.पा. | ५,०००,०००.० | ५ वर्ष | २०६८ | २०७२ | कृषि, सडक विभाग, जि.वि.स. | |
| ७१.० | **चकलाबन्दी योजना एकिकृत खेती प्रणाली विकास तथा बिस्तार** | न.पा. | १,०००,०००.० | २ वर्ष | २०६९ | २०७१ | कृषि, निजी क्षेत्र, सहकारी संस्था | |
| | **कूल लागत** | | ७५,३५०,०००.० | | | | | |

# खण्ड ८ वातावरणीय व्यवस्थापन योजना

## १.५ तर्कबद्ध पद्दतिमा वातावरणीय व्यवस्थापन योजना :

**लक्ष्य :** शहरी वातावरणमा सुधार ल्याउने

**उद्देश्यहरु :**

१ फोहोरमैला व्यवस्थापनको सीमा क्षेत्र विस्तार तथा व्यवस्थापनमा सुदृढिकरण गर्ने ।

२ घरायसी प्रयोगबाट उत्पादित प्रदुषित पानीको उचित व्यवस्थापन तथा निकासको पहिचान गरी नदीनालाको संरक्षण गर्ने ।

३ यातायात तथा पार्किङको व्यवस्थापन गरी ध्वनी तथा वायु प्रदुषणमा न्युनीकरण गर्ने ।

४ तनहुँ जिल्लाको खुल्ला दिसा मुक्त क्षेत्र कार्यक्रमलाई तदारुकताका साथ लागु गरी नगर क्षेत्रमा शीघ्र सफल तुल्याउने ।

५ प्राकृतिक स्रोत जस्तै वनजंगलको optimum प्रयोगद्धारा दीर्घकालिन विकासमा टेवा पुऱ्याउने ।

६ उद्योग तथा स्वास्थ्य संस्थाबाट निस्केका विषादीको उचित व्यवस्थापन गर्ने ।

७ खेतीपातीमा रासायनिक मल र कीटनाशक औषधीको प्रयोगमा कमी ल्याउने ।

८ शहरी क्षेत्रभित्र हरियाली क्षेत्र (पार्क, चौर) को व्यवस्था गर्ने ।

**रणनीति/ कार्यनीतिहरु :**

१ ट्राफिक व्यवस्थापन योजना बनाई धेरै ध्वनि तथा वायु प्रदुषण गर्ने गाडिहरुलाई आवासीय क्षेत्रभित्र छिर्न रोक लगाउने तथा ठाउँ ठाउँमा पार्किङ्ग सुविधाको व्यवस्था गर्ने ।

२ दीर्घकालिन रुपमा फोहोरमैला व्यवस्थापनको लागि नीजि क्षेत्रसंग साझेदारीमा अगाडि बढाउने।

३ सम्बन्धित संस्थाहरु शैक्षिक, स्वास्थ्य, पानी, वायु र ध्वनिको राष्ट्रिय मापदण्ड अनुरुप कार्य गर्न पहल गर्ने।

४ प्रदुषण गर्ने उद्योगहरुलाई भित्री शहरमा निर्माण गर्न हतोत्साहित गर्ने ।

५ प्रदुषण गर्नेले तिर्नुपर्ने भन्ने सिद्धान्तमा आधारित नीतिलाई सुरु गर्ने ।

६ वातावरण सुधार कार्यहरुको लागि सहुलियतामा प्राप्त गर्न सकिने वित्त प्रयोग गर्ने ।

७ सानातिना फोहोर व्यापार व्यवसाय सञ्चालनका निम्ति नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने ।

८ व्यास नगरपालिका क्षेत्रभित्र प्लाष्टिकजन्य फोहोर न्युनिकरण गर्ने ।

९ फोहोरमा आधारित व्यवसायलाई प्रर्वधन गर्ने ।

१० फोहोरमैला व्यवस्थापनमा व्यवस्थापन करारको नीति लिने ।

११ ट्राफिक व्यवस्थापनको राष्ट्रिय मापदण्डलाई प्रभावकारी रुपमा अवलम्वन तथा अनुगमन गर्ने। ( नगरपालिका/ट्राफिक)

१२ अन्य नगरपालिकासंग सहकार्य गरेर वातावरणीय व्यवस्थापन कार्यलाई अगाडी बढाउने ।

१३ EIA गरी नदीहरुबाट जथाभावी बालुवा झिक्ने कार्यलाई नियन्त्रण गर्ने ।

१४ नगरस्तरीय फोहोरमैला तथा वातावरण व्यवस्थापन कार्य संचालन समितिलाई पुन गठन गरी सक्रिय बनाउने ।

१५ घर घरमा फोहोर छुट्याएर परिमाण घटाउने (अल्पकालिन)

१६ सेफ्टी टैंकी तथा soak pit को सैद्धान्तिक डिजाइन भवन निर्माण मापदण्ड घर नक्सा पास प्रकियामा नियन्त्रण गर्ने ।

१७ हरित पेटीको लागि सडकको दायाँ बायाँ लगाउने वोटहरुबाट वातावरणिय तथा आर्थिक लाभ हुने किसिमको कार्यक्रम बढाउने ।

१८ कुनै पनि निर्माण कार्यमा वातावरण प्रभाव मुल्यांकन गर्ने ।

१९ न.पा., जि.स्वा.का., जि. प्रशासन, औषधी व्यवस्थापन विभागबाट स्वास्थ्य सेवा प्रदायक संस्थामा, स्वास्थ्य सम्बन्धि राष्ट्रिय मापदण्ड लागु भए नभएको अनुगमन गर्ने ।

२० वायु, ध्वनि तथा जल प्रदूषण खालका उद्योग तथा व्यवसायहरु (जस्तै- बंगुर पालन, कुखुरा पालन आदि) भू-उपयोग मापदण्ड अनुरुपका स्थानहरुमा मात्र स्थापना गर्न दिने ।

२१ स्थानीय प्राकृतिक श्रोत र साधनलाई उपयोग गर्दा दिगो वातावरणिय पक्षलाई दृष्टिगत गरी इ.आइ.ए.र आइ.इ.इ. को मापदण्ड लागु गर्ने ।

**अपेक्षित उपलब्धिहरु :**

१.१ घर, आगन, सडक तथा अन्य सार्वजनिक स्थलहरु सफा हुनेछ ।

२.१ शहरका नदी तथा खोलाहरु स्वच्छ र सफा हुनेछ ।

२.२ जल पर्यावरणमा क्षतिमा कमी आउनेछ ।

३.१ राजमार्ग र अन्य प्रभुत्व सडकहरुमा ध्वनि तथा वायु प्रदुषणमा कमी आउनेछ ।

४.१ नगर क्षेत्र “खुल्ला दिसा मुक्त क्षेत्र” बन्नेछ ।

४.२ Ground water pollution घट्नेछ ।

५.१ भएका प्राकृतिक स्रोतहरुको उचित संरक्षण हुनेछ ।

६.१ विषादी उत्पादन कम भई जल तथा भू-पर्यावरणको क्षतिमा कमी आउनेछ ।

७.१ माटो तथा खाद्य प्रदुषण घट्नेछ ।

७.२ खेतीयोग्य जमिनको उर्वरता कायम रहनेछ ।

८.१ हरियाली क्षेत्रको वृद्धि भई शहरी वातावरण स्वच्छ बन्नेछ ।

**प्रमुख कार्यक्रमहरु :**

१ एकिकृत फोहोर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता, विस्तार, अनुगमन र मुल्यांकन

२ खुल्ला दिसा मुक्त क्षेत्र प्रचार प्रसार तथा घोषणा

३ वृक्षारोपण कार्यक्रम

४ प्राङगारिक खेतीको तालिम कार्यक्रम

५ जलाधार क्षेत्र पहिचान तथा व्यवस्थापन अध्ययन

६ सार्वजनिक क्षेत्र, खुल्ला चौर, पार्क इत्यादीको निर्माण तथा संरक्षण कार्यक्रम

७ प्लाष्टिक झोला नियन्त्रित कार्यक्रम

८ पुनचक्र गरी उत्पादन र पुनः प्रयोग हुने बस्तुहरुको पुनप्रयोगको बजार अध्ययन

९ विद्यालय स्तरमा व्यवहारिक वातावरण शिक्षा कार्यक्रम संचालन

- आमा समुह
- टो.वि.संस्था
- बाल क्लब

१०.१ इकोसान प्रयोगको चेतनामुलक कार्यक्रम

१०.२ नमुनात्मक सार्वजनिक शौचालय निर्माण

१०.३ एक घर एक शौचालय कार्यक्रम

१०.४ विद्यालय शौचालय कार्यक्रम

## १.६ वातावरणीय व्यवस्थापन वित्तीय लगानी योजना

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २९.० | **एकिकृत फोहोर व्यवस्थापन कार्यक्रमलाई निरन्तरता, विस्तार, अनुगमन र मुल्यांकन** | | | | | | | |
| २९.१ | पशु वधशालाको सम्भाव्यता अध्ययन | | १५०,०००.० | ३ महिना | २०६८ | | न.पा., समिति | |
| २९.२ | पशु वधशालाको निर्माण | | १,५००,०००.० | १ वर्ष | २०६९ | २०७० | न.पा, निजी क्षेत्र, श.वि.भ.नि.वि | |
| २९.३ | प्लाष्टिक झोला नियन्त्रित कार्यक्रम | | ३००,०००.० | २ वर्ष | २०६९ | २०७० | न.पा, गैसस, | |
| २९.४ | पुनचक्र गरी उत्पादन र पुनः प्रयोग हुने बस्तुहरुको पुनप्रयोगको बजार अध्ययन | न.पा. | १००,०००.० | २ महिना | २०६८ | | न.पा, गैसस, | |
| २९.५ | ट्रान्सफर स्टेशन का निम्ति जग्गा पहिचान तथा सम्भाव्यताको अध्ययन | न.पा. | २००,०००.० | २ वर्ष | २०६९ | २०७० | न.पा. | |
| २९.६ | नगर स्तरीय फोहोर मैला तथा वातावरण व्यवस्थापन निर्देशिका तर्जुमा | | १५०,०००.० | ३ महिना | २०६८ | | न.पा., वातावरण विभाग | |
| ३०.० | **ढल निकासको व्यवस्थामा वृहत सुधार कार्यक्रम** | | | | | | | |
| ३०.१ | ढल निकास प्रशोधनशाला क्षेत्रको पहिचान तथा सम्भाव्यता अध्ययन | | २००,०००.० | ३ महिना | २०६८ | | न.पा., वातावरण विभाग, खानेपानी विभाग | |
| ३०.२ | बनिसकेका घरहरुका लागि नयाँ टँकी सम्बन्धि सम्भाव्यता अध्ययन | | १५०,०००.० | ३ महिना | २०६८ | | न.पा. | |
| ३०.३ | काटे खोल्सी, टेकन थुम्की सामुदायिक ल्याण्ड फिल साईट निर्माण परियोजना | | १५,०००,०००.० | ३ वर्ष | २०६७ | २०७० | न.पा, गैसस, | १५ रोपनी |
| ३१.० | **वृक्षारोपण कार्यक्रम** | | ५००,०००.० | ५ वर्ष | | | न.पा, गैसस, | क्रमानुगत |
| ३२.० | **प्राङगारिक खेतीको तालिम कार्यक्रम** | | | | | | | आर्थिकमा उल्लेख भएको |
| ३३.० | **सामुदायिक कम्पोष्ट गृह डिजाइन सुधार** | १० | ५,०००,०००.० | २ वर्ष | २०६८ | २०७० | न.पा, जि.वन का. | (सेती- मादी दोभान) |
| | जैविक फाहोर वाट ग्यास उत्पादन गर्ने संभाव्यता अध्ययन | | १५०,०००.० | ३ महिना | २०६८ | | न.पा, गैसस, | |
| ३४.० | **इकोसान प्रयोगको चेतनामुलक कार्यक्रम** | न.पा. | १,०००,०००.० | २ वर्ष | २०६७ | २०६९ | न.पा, गैसस, | |
| ३५.० | **जलाधार क्षेत्र पहिचान तथा व्यवस्थापन अध्ययन** | न.पा. | ६००,०००.० | ६ महिना | २०६८ | | न.पा., वन, जि. भूसंरक्षण का. | |
| ३६.० | **सार्वजनिक क्षेत्र, खुल्ला चौर, पार्क इत्यादीको निर्माण तथा संरक्षण कार्यक्रम** | | | | | | | |
| ३६.१ | चोक सुधार योजना | २, १० | ५००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा., जनसहभागिता, | |
| ३७.० | **राजमार्ग क्षेत्रको वातावरण विकास** | | | | | | | |
| ३७.१ | राजमार्ग वरीपरि हरित पेटी तोकि हरियाली गुरुयोजना लागु गर्ने । | न.पा. | १५०,०००.० | | | | | |
| ३७.२ | राजमार्गको दायाँबायाँ भएको भवनहरु तथा निर्माण हुने भवनहरु मापदण्ड अनुरुप अनुगमन पक्षलाई अझ सबल गर्ने । | न.पा. | ५००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा.,जनसहभागिता, | क्रमानुगत |
| ३८.० | **विद्यालय स्तरमा व्यवहारिक वातावरण शिक्षा कार्यक्रम संचालन**<br>**- आमा समुह**<br>**- टो.वि. संस्था**<br>**- बाल क्लब** | न.पा. | ५००,०००.० | ५ वर्ष | २०६८ | २०७२ | न.पा, गैसस, | |
| ३९.० | **खुल्ला दिसा मुक्त क्षेत्र प्रचार प्रसार तथा घोषणा** | न.पा. | ५००,०००.० | २ वर्ष | २०६८ | २०७० | न.पा, गैसस, | |

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३९.१ | नमुनात्मक सार्वजनिक शौचालय निर्माण। | दुर्गा मन्दिर नजिक | ३००,०००.० | ६ महिना | २०६७ | | न.पा, | |
| ३९.२ | एक घर एक शौचालय कार्यक्रम | | १००,०००.० | ४ वर्ष | २०६८ | २०७२ | न.पा.,जि.वि.स.,खानेपानी का. | |
| ३९.३ | विद्यालय शौचालय कार्यक्रम | | १५०,०००.० | ४ वर्ष | २०६८ | २०७२ | न.पा.,जि.वि.स.,खानेपानी का. | |
| ३९.४ | नीजि क्षेत्रको साझेदारीमा सार्वजनिक शौचालयको निर्माण तथा व्यवस्थापन परियोजना | खुल्ला चौर, भौलेटार चोक, काराधार, मनकामना सिनेमा हल, तल पुल नजिक | ५,०००,०००.० | ५ वर्ष | २०६९ | २०७३ | न.पा, गैसस, निजी क्षेत्र | क्रमानुगत |
| ४०.० | **नदीमा बालुवा झिक्ने कार्यको वातावरणीय प्रभाव मुल्यांकन** | न.पा. | ३००,०००.० | ६ महिना | २०६८ | | न.पा, | |
| ४१.० | **निर्माण गतिविधिहरुको वातावरणीय प्रभाव मुल्यांकन** | न.पा. | २००,०००.० | ६ महिना | २०६८ | | न.पा, | |
| | **कूल लागत** | | ३३,२००,०००.० | | | | | |

# खण्ड ९ प्रकोप व्यवस्थापन योजना

## १.७ तर्कबद्ध पद्दतिमा प्रकोप व्यवस्थापन योजना :

**उद्देश्यहरु :**

१. नदी खोला कटानलाई उचित तटबन्धद्धारा उर्वर भूमि तथा पानीका श्रोतहरु संरक्षण गर्ने ।

२. बालुवा झिक्ने कार्यमा नियन्त्रण गरी River bed maintain गर्ने ।

३. भूकम्पीय जोखिमलाई न्युनीकरण गर्न आवश्यक व्यवस्थापन गर्ने ।

४. आइपरेको बेला आकस्मिक सेवा तथा पूर्वाधारहरु प्रर्याप्त रुपमा प्रदान गर्ने ।

५. स्वास्थ्यजन्य प्रकोपहरु (महामारी) को न्युनिकरण

**रणनीति/कार्यनीतिहरु :**

१. नगरपालिकाको भवन निर्माणमा भवन आचारण संहिता लागु गर्ने तथा भवन तथा योजना मापदण्ड परिमार्जन गर्ने ।

२. नगरपालिका कार्यमा जोखिम व्यवस्थापन सम्बन्धित छुट्टै निकाय तोकेर जिम्मेवारी दिने ।

३. जथाभावी हुने जग्गा विकास कार्यक्रमलाई निरुत्साहित गर्ने, जोखिम निम्त्याउन सक्ने (भू-क्षय, पहिरो) भौतिक विकासलाई निरत्साहित गर्ने ।

४. भूकम्प, आगलागी तथा बाढी पहिरो जस्ता संम्भावित प्राकृतिक प्रकोप नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा छुट्टै कार्य योजना बनाई लागू गर्न निर्देशन तथा प्रोत्साहन गर्ने ।

५. सार्वजनिक उपयोगका भवनहरु जस्तै- शिक्षा, स्वास्थ्य, संस्था आदिको निर्माण मापदण्डमा विशेष ध्यान दिने ।

६. नगरपालिकाको समन्वयनमा अन्य विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग मिली प्राकृतिक प्रकोप कोष खडा गर्ने ।

७. प्राकृतिक श्रोतको उपयोग गर्दा सो श्रोतमा क्षति नहुने गरी दिगो रुपमा प्रयोग गर्ने पद्धति स्थापित गर्न वातावरणिय प्रभाव मुल्यांकन EIA अनिवार्य लागू गर्ने ।

८. टोल संगठनको आयोजनामा युवा उद्दार टोली खडा गरी तालिम दिने । (रेडक्रस र एनसेट, जिल्ला दैवी प्रकोप नियन्त्रण कार्यालय)

**अपेक्षित उपलब्धिहरु :**

१.१ उर्वर भूमिको ह्रासमा कमी आउनेछ ।

१.२ पानीका श्रोतहरुको संरक्षण हुनेछ ।

२.१ नदीको सतह maintain हुनेछ ।

२.२ नदीको माथिल्लो भौतिक संरचना सुरक्षित हुनेछ ।

३.१ नगरमा भूकम्पीय जोखिमद्धारा क्षतिको न्युनीकरण हुनेछ ।

३.२ सुरक्षित बसोबासको अनुभूति हुनेछ ।

४.१ विपत्तिका बेला आकस्मिक सेवा, सुविधा रहनेछ ।

४.२ विपत्तिबाट हुने मानवीय क्षतिको न्युनीकरण हुनेछ ।

**प्रमुख कार्यक्रमहरु :**

१. प्राकृतिक रुपले जोखिम क्षेत्रको पहिचान नक्सांकन कार्यक्रम

२. मादी नदी कटान नियन्त्रण कार्यक्रम

३. जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यक्रम

४. प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा स्थानीय समुदायलाई पहिचान गर्न जनचेतनामुलक सामुहिक तालिम कार्यक्रम

५. स्थानीय कालीगढ हरुलाई भूकम्प प्रतिरोधात्मक निर्माण सम्बन्धि तालिम कार्यक्रम

६. प्रकोप राहत कोषको व्यवस्था तथा रेडक्रस र अन्यसंगको समन्वयन ।

## १.८ प्रकोप व्यवस्थापन वित्तीय लगानी योजना

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४२.० | **प्राकृतिक रुपले जोखिम क्षेत्रको पहिचान नक्सांकन कार्यक्रम** | न.पा. | १,०००,०००.० | १ वर्ष | २०६९ | २०७० | न.पा, गैसस, | |
| ४२.१ | नगरपालिकाको जोखिम व्यवस्थापन योजना | | ५००,०००.० | ६ महिना | २०७० | | न.पा, गैसस, | |
| ४२.२ | आकस्मिक सेवा तथा पूर्वधारहरु व्यवस्थापन सम्बन्धि अध्ययन | | | | | | | |
| ४३.० | **जल उत्पन्न प्रकोप व्यवस्थापन कार्यक्रम** | न.पा. | | | | | | |
| ४३.१ | मादी नदी कटान नियन्त्रण कार्यक्रम | | ५,०००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा, जल उत्पन्न प्रकोप व्यवस्थापन | |
| ४३.२ | भूक्षय जोखिम स्थानहरुको पहिचान तथा आवश्यक प्रतिरोधात्मक संरचना निर्माण | | ३,०००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा, जिल्ला भूसंरक्षण कार्यालय | |
| ४४.० | **प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा स्थानीय समुदायलाई पहिचान गर्न जनचेतनामुलक सामुहिक तालिम कार्यक्रम** | न.पा. | २५०,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा, गैसस, जल उत्पन्न प्रकोप व्यवस्थापन | |
| ४५.० | **स्थानीय कालीगढ हरुलाई भूकम्प प्रतिरोधात्मक निर्माण सम्बन्धि तालिम कार्यक्रम** | न.पा. | ५००,०००.० | | | | न.पा, गैसस, | |
| ४६.० | **प्रकोप राहत कोषको व्यवस्था तथा रेडक्रस र अन्यसंगको समन्वयन ।** | न.पा. | ५००,०००.० | | | | | |
| ४७.० | **सेती जलविद्युत आयोजनाले व्यास नगरपालिकामा पर्न सक्ने जोखिम अध्ययन पुनरावलोकन ।** | न.पा. | १५०,०००.० | ३ महिना | २०६९ | | न.पा, | |
| ४८.० | नगरपालिका भित्रको विभिन्न खोला खाल्सी एवं जलाधार क्षेत्र संरक्षण | न.पा. | २,५००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा, जिल्ला भूसंरक्षण कार्यालय, सिचाई कार्यालय | |
| | **कूल लागत** | | १०,९००,०००.० | | | | | |

# खण्ड १० संस्थागत विकास योजना

## १.९ तर्कबद्ध पद्दतिमा संस्थागत विकास योजना :

**लक्ष्य :** संगठनको सुदृढिकरण र जनशक्तिको विकास गरी समुचित संस्थागत विकास गर्ने ।

**उद्देश्यहरु :**

१ नगरपालिकाको आधारभूत प्रकृया प्रणालीमा सुधार तथा परिमार्जन गर्ने ।

२ मानवीय आयामसंग सम्वद्ध पक्ष, आन्तरिक प्रकृया तथा प्रणाली, सेवा व्यवस्थापनमा सुधार तथा परिमार्जन गर्ने ।

३ सुशासन तथा अन्य विकसित आयामसंग सम्वद्ध पक्ष, प्रकृया तथा प्रणालीमा सुधार तथा परिमार्जन गर्ने ।

४ नगरपालिकाको संगठन तथा आवश्यक दरबन्दी निर्धारण वा परिमार्जन गर्ने ।

५ कर्मचारीको उपयुक्तता मुल्यांकन तथा दरबन्दी मिलान गर्ने ।

६ आवश्यक थप नयाँ जनशक्तिको व्यवस्था सम्बन्धि प्रस्ताव गर्ने ।

७ जनशक्ति विकास सम्बन्धि ५ वर्षे कार्य योजना तर्जुमा गर्ने ।

८ जनशक्ति विकास सम्बन्धि कार्य योजना कार्यान्वयन गर्ने ।

**रणनीति/ कार्यनीतिहरु :**

१ नगर क्षेत्रमा प्रवाह गर्ने सरकारी, गैरसरकारी र नीजि क्षेत्रका निकायहरुको विकासलाई पनि समावेश गदै नगरपालिकाको संस्थागत विकास गर्ने ।

२ नगरपालिकाको संगठनात्मक क्षमता तथा दक्षता अभिवृद्धि गर्ने ।

३ विभिन्न योजना तर्जुमा, कार्यान्वयन, अनुगमन वा मुल्याकंन गर्न संगठनात्मक समन्वयन र संजाल स्थापना गर्ने ।

४ विभिन्न कार्य सम्पादनको लागि नागरिक समाज तथा नीजि क्षेत्रहरुसंग साभ्केदारी गर्ने ।

५ जनसहभागिताको व्यापक परिचालन गर्ने ।

६ स्थानीय श्रोत र सीपको अधिकतम र उचित प्रयोग गर्ने ।

७ असल शासनको आचरणको अवलम्बन गर्ने ।

८ व्यवस्थापनका आधुनिक तथा वैज्ञानिक मुल्य र मान्यताहरु स्थापना गर्ने ।

**अपेक्षित उपलब्धिहरु :**

१.१ संगठन स्वरुपको विकास भएको हुनेछ ।

१.२ कर्मचारीको पदियदायित्व र कार्यविवरण स्पष्ट भएको हुनेछ ।

१.३ संगठनको आवश्यकता अनुरुप दरबन्दी वितरण तथा जनशक्ति व्यवस्थापन भएको हुनेछ ।

१.४ फाइलिङ्ग तथा अभिलेख प्रणाली साथै दर्ता चलानी प्रणालीमा सुधार आउनेछ ।

१.५ हरेक कर्मचारी तथा शाखाको स्थान व्यवस्थापनमा सुधार हुनेछ ।

२.१ कार्यान्वयन तथा अनुगमन प्रकृयामा स्पष्टता हुनेछ ।

२.२ सिफारिश प्रक्रिया सहज हुनेछ ।

२.३ सूचना तथा अभिलेख साथै संञ्चार तथा समन्वय प्रणालीमा सुदृढिकरण हुनेछ ।

२.४ प्रतिवेदन तथा नियन्त्रण प्रणाली सरल हुनेछ ।

२.५ कार्य मुल्यांकन, दण्ड तथा पुरस्कार एवं उत्प्रेरणा प्रणालीको विकास भएको हुनेछ ।

२.६ सडक बत्ती तथा सरसफाई व्यवस्थापनमा सुदृढिकरण भएको हुनेछ ।

२.७ पार्क तथा मनोरञ्जन स्थलहरुको व्यवस्थापनमा सहज हुनेछ ।

२.८ आकस्मिक सेवा (दमकल तथा अन्य दैवी प्रकोप) र नगर प्रहरी सेवाको विकास तथा विस्तार भएको हुनेछ ।

३.१ दूरदृष्टि तथा रणनीतिहरु निर्माणमा सहज हुनेछ ।

३.२ सामुहिक भावना तथा नेतृत्वको परिपाटीको विकास हुनेछ ।

३.३ जनगुनासोको सुनुवाई तथा कारवाहिमा चुस्त दुरुस्तता आउनेछ ।

३.४ पारदर्शिता तथा जवाफदेहिता बढ्नेछ ।

३.५ नीजि क्षेत्रको सहभागिता नीजि तथा सार्वजनिक साझेदारी एएए बाट शहरी सेवा सुविधाको उपलब्धतामा वृद्धि तथा त्यसमा सुधार भएको हुनेछ ।

४.१ नगरपालिकाको संगठन स्वरुप परिस्कृत भएको हुनेछ ।

४.२ प्रस्तावित संगठन स्वरुप आधारमा शाखागत रुपमा आवश्यक पर्ने जनशक्तिको किसिम र दरबन्दी संख्या निर्धारण हुनेछ ।

५.१ हाल भैरहेको कर्मचारीहरुको योग्यता, अनुभव र कार्यसम्पादन, उपयुक्तताको आधारमा आवश्यक दरबन्दीमा मिलान गरी थप नयाँ जनशक्तिको आवश्यकताको जानकारी हुनेछ ।

६.१ भइरहेको कर्मचारीहरुमा थप तालिमको आवश्यकताको जानकारी हुनेछ ।

६.२ नयाँ नियुक्तिको लागि आवश्यक योग्यता, अनुभव तथा तालिमको जानकारी हुनेछ ।

७.१ ५ वर्षमा लाग्ने बजेट/ खर्चको अनुमानित विवरण प्राप्त हुनेछ ।

८.१ वार्षिक समिक्षा तथा कार्य योजना परिमार्जन गर्न सहज हुनेछ ।

**प्रमुख कार्यक्रमहरु :**

१. संगठन विकास कार्यक्रम

२. कर्पोरेट लेखा प्रणालीको लागि पूर्व तयारी

३. कार्यान्वयन भएका योजनाहरुको उपभोक्ताहरुवाट साझा मूल्यांकन पदति

४. आधुनिक सूचना प्रणाली स्थापना


५. कर्मचारीको क्षमतावृदि वार्षिक तालिम

६. आधारभूत कम्प्यूटर सफ्टवेयर तालिम

७. सहभागितात्मक पदति विकास तथा संगठन क्षमता विकास तालिम

८. टोल विकास संस्था सशक्तिकरण तालिम

# व्यास नगरपालिका कार्यालय
## प्रस्तावित संगठनात्मक संरचना



## १.१० संस्थागत विकास वित्तीय लगानी योजना

| क्र.सं. | आयोजनाको नाम | वडा नं. | कुल लागत | समय | देखि | सम्म | लगानी गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ७२.० | संगठन विकास कार्यक्रम | | ७५०,०००.० | १ महिना | २०६७ | २०७२ | न.पा. | |
| ७३.० | कर्पोरेट लेखा प्रणालीको लागि पूर्व तयारी | | ४००,०००.० | ६ महिना | २०६८ | २०६९ | न.पा. | |
| ७४.० | कार्यान्वयन भएका योजनाहरुको उपभोक्ताहरुवाट साझा मूल्यांकन पदति | | ५००,०००.० | | २०६७ | २०७२ | न.पा. | |
| ७५.० | आधुनिक सूचना प्रणाली स्थापना | | १,०००,०००.० | १ वर्ष | २०६८ | २०६९ | न.पा. | |
| ७६.० | कर्मचारीको क्षमतावृदि वार्षिक तालिम | | ५००,०००.० | | २०६७ | २०७२ | न.पा. | |
| ७७.० | आधारभूत कम्प्यूटर सफ्टवेयर तालिम | | २५०,०००.० | | २०६७ | २०७२ | न.पा. | |
| ७८.० | सहभागितात्मक पदति विकास तथा संगठन क्षमता  विकास तालिम | | २००,०००.० | | २०६७ | २०७२ | न.पा. | |
| ७८.१ | सुविधा सम्पन्न व्यास नगरपालिकाको भवन | | ६०,०००,०००.० | | २०६८ | २०७० | न.पा., श.वि.भ.नि.वि. | |
| ७८.२ | सामुदायिक सुविधा युक्त वडा कार्यालय  भवन | | ३३,०००,०००.० | | २०६७ | २०७२ | न.पा., स्था.वि.मं. | प्रत्येक वडामा |
| ७८.३ | टोल विकास संस्था सशक्तिकरण तालिम | | १,१००,०००.० | ५ वर्ष | २०६७ | २०७२ | न.पा. | |
| | कूल लागत | | ९७,७००,०००.० | | | | | |

# खण्ड ११ वित्तीय विकास योजना

## १.११ तर्कबद्ध पद्दतिमा वित्तीय विकास योजना :

**लक्ष्य :** नगरपालिकालाई वित्तीय क्षेत्रमा आत्मनिर्भरता तर्फ उन्मुख गर्ने

**उद्देश्यहरु** :

१. आन्तरीक आयमा वृदि गर्ने

२. वाह्य ऋण तथा अनुदानको फाइदामुलक कार्यक्रममा लगानी गरी सही सदुपयोग गर्ने ।

३. प्रशासनिक (साधारण) खर्च समानुपातिक ढंगले वृद्धि गरी आन्तरीक आयको निश्चित अनुपातको दायरा भित्र सिमित राख्ने ।

**रणनीति/ कार्यनीतिहरु :**

१ आन्तरिक श्रोतको सहि परिचालन तथा आर्थिक सवलिकरणमा प्राथमिकता दिने ।

२ कर प्रणालीमा सुदृढिकरण तथा आन्तरकि श्रोतको दायरामा वृद्धि गर्ने ।

३ नगरपालिका भित्रको सम्पतिको तथ्यांक संकलन गर्ने ।

४ नगरपालिकाको विकास कार्यमा लागत सहभागितामा जोड दिने ।

५ निजी सरकारी साझेदारी अवधारणालाई प्रोत्साहन गर्ने ।

६ सार्वजनिक सम्पती पहिचान गरी आयमुलक कार्यमा प्रयोग गर्ने ।

७ गाउँ शहर अन्तर निर्भरतामा आधारित नगरको अर्थतन्त्रमा जोड दिने ।

**प्रमुख कार्यक्रमहरु :**

१ व्यवसायिक कार, एकिकृत सम्पति करमा विलिंग प्रणाली लागु गर्ने ।

२ आन्तरीक श्रोतको तथ्यांक अध्यावधिक गर्ने ।

३ खर्च व्यवस्थापनमा कार्यमूलक योजना ।

४ सार्वजनिक सम्पति पहिचान गर्ने ।

| क्र. सं. | विषयगत योजना | २०६७/२०६८ | २०६८/२०६९ | २०६९/२०७० | २०७०/२०७१ | २०७१/२०७२ | २०७२/२०७७ |
|---|---|---|---|---|---|---|---|
| १ | भौतिक विकास | ३०,४००,०००.०० | ८१५,४००,०००.०० | १,२२६,०००,०००.०० | ५५२,८००,०००.०० | ५५२,०००,०००.०० | - |
| २ | सामाजिक विकास | २०,३१०,०००.०० | १९,७६०,०००.०० | १९,७६०,०००.०० | ११९,७१०,०००.०० | १२९,७१०,०००.०० | - |
| ३ | वातावरणीय व्यवस्थापन | ६,१५०,०००.०० | ८,५१२,५००.०० | ८,८६२,५००.०० | ६,११२,५००.०० | १,३६२,५००.०० | - |
| ४ | प्रकोप व्यवस्थापन | २,६५०,०००.०० | १,८००,०००.०० | २,१५०,०००.०० | २,६५०,०००.०० | १,०५०,०००.०० | ३,०००,०००.०० |
| ५ | आर्थिक विकास | ७००,०००.०० | १५,९५०,०००.०० | ३१,६००,०००.०० | १५,९००,०००.०० | ५,७००,०००.०० | - |
| ६ | संस्थागत विकास | ९,२६०,०००.०० | ३७,४१०,०००.०० | ३७,०१०,०००.०० | ७,०१०,०००.०० | ७,०१०,०००.०० | - |
| | | ६९,४७०,०००.०० | ८९८,८३२,५००.०० | १,३२५,३८२,५००.०० | ७०४,१८२,५००.०० | ६९६,८३२,५००.०० | ३,०००,०००.०० |

# खण्ड १२ आवधिक योजनाको वार्षिक कार्यान्वयन

'आवधिक योजना तर्जुमा निर्देशिका २०५२' ले निर्दिष्ट गरे बमोजिम योजना अवधिमा हासिल गर्न चाहेको लक्ष्य पुरा गर्न आवधिक योजना कार्यान्वयन गर्न निम्नानुसार कदमहरु अपनाउनु पर्ने हुन्छ।

१. भौतिक विकास योजना कार्यान्वयन गर्न नगर प्रमुखको अध्यक्षतामा नगर विकास ऐन २०४५ र शंसोधन अन्तर्गत नगर विकास समिति गठन गर्ने ।

२. आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि योजना टोलीको गठन भएको निर्देशन समिति र विषयगत उप-समितिहरुलाई स्थायित्व दिने ।

३. केन्द्रिय स्तरमा नीति निर्देशन र अनुगमन गर्न स्थानीय विकास मन्त्रायल र शहरी विकास तथा भवन निर्माण विभागको साझा तथा संयुक्त अवधारणाको लागि स्थानीय स्तरवाट पहल गर्ने ।

४. बहु-क्षेत्रगत लगानी कार्यक्रममा समावेस भए अनुरुप वार्षिक योजना तथा कार्यक्रम निम्न आधारमा तयार गर्ने ।

- सो कार्यक्रम तयार गर्दा आवधिक योजनाले लक्षित गरेका सूचकहरुको प्राप्तितर्फ विषेश ध्यान पुऱ्याउने ।
- आवधिक योजनाले अङ्गीकार गरेको अग्रणी क्षेत्रहरुको अनुसरण गर्ने ।
- नगरपालिकालाई प्राप्त हुन सक्ने विकास बजेटलाई आधार मान्ने ।

५. वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने क्रममा ठूला योजनाहरुको हकमा विस्तृत संम्भाव्यता अध्ययन गर्नुपर्ने तथा उक्त अध्ययन गर्दा प्राविधिक उपयुक्तता र राजनितिक प्रतिवद्धताको अतिरिक्त स्थानीय स्वायत शासन ऐन २०५५ को दफा ११३ मा व्यवस्था गरे अनुरुप हुनुपर्ने ।

६. आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने चरणमा ती आयोजनाहरुको संभाव्यता लागत अनुमान तयार गर्ने तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०५६ बमोजिम स्वीकृति गराई कार्यान्वयन प्रकृया आरम्भ गर्ने ।

७. आयोजना/कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि खर्च हुने रकम र नगद प्रवाहबीच सन्तुलन कायम राख्ने ।

८. योजना संचालन तयार गर्दा उक्त योजना सम्पन्न भएपछि गरिने मर्मत संभारको कार्य योजना तयार गर्ने ।

९. भौतिक विकास योजना कार्यान्वयन गर्दा नगर विकास ऐन २०४५ ले व्यवस्था गरे बमोजिम विषेशत: जग्गा विकास कार्यक्रमहरु र निर्माण मापदण्ड कार्यान्वयन गर्दै लैजाने तथा कार्यान्वयनको क्रममा शहरी विकास विभागको संबन्धित कार्यालय र अन्य केन्द्रिय निकायहरु संग समन्वय राख्ने ।

१०. कार्यान्वयन गर्दाका आयोजनाहरुको सुपरिवेक्षण, अनुगमन र मुल्यांकन समेत गर्ने प्रणालीको विकास गर्ने ।

१२.१

## खण्ड १३ आवधिक योजनाको मध्यावधि मूल्याङ्कन

आवधिक योजना तर्जुमा निर्देशिका २०५९ को प्रावधानअनुरुप नियमित रुपमा गरिने अनुगमन र मुल्यांकनको अतिरिक्त विभिन्न विषयगत क्षेत्रहरुमा परेको असर र प्रभावहरुको बारेमा स्वतन्त्र रुपमा मध्यावधि मुल्यांकन गर्नुपर्ने हुँदा निम्नानुसार कदम चाल्नुपर्ने हुन्छ।

१. नगरपालिकाले विभिन्न क्षेत्रका विषेशज्ञहरु सम्मिलित कार्य टोली निर्धारण गर्ने ।

२. तर्कबद्ध योजना पद्धति अनुरुप तर्जुमा भएको विषयगत विकास योजनालाई आधार लिने ।

३. ती अलावा मूल्यांकन गर्दा कार्य टोलीले निम्न बुँदाहरुमा ध्यान दिनुपर्ने हुन्छ।

क) आवधिक योजनाले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य कुन हदसम्म प्राप्त भयो र निर्धारित उद्देश्य पूर्ति हुने अवस्था।

ख) निर्धारण गरिएका संख्यात्मक र गुणात्मक सूचक उपयुक्तता।

ग) आवधिक योजना कार्यान्वयनमा जनसहभागिता र साझेदारीको अवस्था।

घ) आवधिक योजनाले तय गरेका मुख्य-मुख्य क्षेत्रहरुको प्रगति अवस्था।

ङ) सम्पन्न आयोजनाहरुको उपयोग र दीगोपना।

## सन्दर्भ सामाग्रीहरु (References)


| | |
|---|---|
| १ | नगरपालिकाका लागि आवधिक योजना तर्जुमा निर्देशिका, २०५९, स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, काठमाण्डौ ,नेपाल |
| २ | व्यास नगरपालिकाको एकीकृत कार्यमुलक योजना, २०५५, आवास तथा शहरी विकास विभाग, स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रम तथा व्यास नगरपालिका |
| ३ | Population Census 2001, GoN, National Commission Secretariat Central Bureau Of Statistics |
| ४ | व्यास नगरपालिका गाँउ नगर साझेदारी शाखाको हाल सम्मको क्रियाकलाप गतिविधि सारांशमा ( आ.वं. २०६५/६६) |
| ५ | सहभागीहरुबाट तयार गरिएको २० वटा नगरपालिकाहरुको फोहरमैला अवस्थावारे अध्ययन प्रतिवेदन, २०५८ |
| ६ | Detailed Revenue and Expenditure Breakdown and Basic Financial Information fo 58 Municipalities of Nepal 9fY 22051/52 – 2054/55) |
| ७ | Municipal Organization Development and Administration (MODA Programme, Byas Municipality; July 25-August 21,1997 |
| ८ | अन्तिम चौमासिक (खर्चको फाँटवारी) विवरण / २०६६ |
| ९ | ISWM Need Assessment Report Vyas Municipality |
| १० | एकिकृत दिगो फोहर व्यवस्थापन योजना |
| ११ | ISWM Project, Project Completion Report |

# अनुसूची

## अनुसुची १ (क)

व्यास नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा मिति २०६७ ।०१।२४ गतेका दिन गठन गरिए अनुरुप “योजना टोली”

| | |
|---|---|
| संयोजक | श्री रामचन्द्र तिवारी (प्रमुख एवं कार्यकारी अधिकृत, कार्यक्रम संयोजक) |
| सदस्य | श्री कुमार कंचन जी.सी. (आ.ले.प, गाँउनगर साझेदारी, शाखा प्रमुखं |
| सदस्य | श्री राजु पौडेल (इन्जिनियर, योजना शाखा प्रमुख) |
| सदस्य | श्री मेधनाथ आचार्य (लेखापाल, लेखापाल प्रमुख) |
| सदस्य | श्री रामचन्द हडखले (ना.सु., प्रशासन शाखा प्रमुख) |
| सदस्य | श्री कृष्णहरी पौडेल (खरिदार, समाजकल्याण शाखा) |
| सदस्य | श्री सुधा श्रेष्ठ (शहरी योजनाविद, परामर्शदाता टोली प्रमुख) |
| सदस्य | डा. मदन कोइराला (परामर्शदाता वातापरणविद) |
| सदस्य | श्री कालीदास न्यौपाने (परामर्शदाता संस्थागत विकासविद) |
| सदस्य | श्री पि.वि.शाही (परामर्शदाता सिभिल इन्जिनियर) |
| सदस्य | श्री पूनम बज्राचार्य (परामर्शदाता शहरी योजनाकार) |
| सदस्य | श्री रोविन भण्डारी (परामर्शदाता अर्थशास्त्री) |
| सदस्य सचिव | श्री रविन्द्र मुल (जु. इन्जिनियर, घर नक्शा शाखा प्रमुख) |

**अनुसुची १ (ख)**

मिति २०६७।१।२८ गते मा नगर प्रमुख तथा कार्यकारी अधिकृत श्री रामचन्द्र तिवारीको अध्यक्षतामा नगर स्तरीय राजनैतिक पार्टीका प्रतिनिधिहरु र सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु गरी जम्मा ११५जनाको उपस्थितिमा भएको बैठकले गठन गरिए अनुरुप ११ सदस्यीय “निर्देशक समिति”

१) श्री रामचन्द्र तिवारी, नगर प्रमुख एव कार्यकारी अधिकृत, संयोजक

२) श्री अतिन्द्र केशरी न्यौपाने, सदस्य

३) श्री राम चन्द्र बस्नेत, सदस्य

४) श्री प्रदीप अधिकारी, सदस्य

५) श्री कल्पना पौडेल, सदस्य

६) श्री शशी आचार्य, सदस्य

७) श्री कलिला खान, सदस्य

८) श्री तारा प्रसाद श्रेष्ठ, सदस्य

९) श्री ध्रुव वाग्ले, सदस्य

१०) श्री अशोक कुमार श्रेष्ठ, सदस्य

११) श्री रविन्द्र लाल मूल, सदस्य सचिब

## अनुसुची १ (ग)

मिति २०६७।१।२८ गते मा नगर प्रमुख तथा कार्यकारी अधिकृत श्री रामचन्द्र तिवारीको अध्यक्षतामा नगर स्तरीय राजनैतिक पार्टीका प्रतिनिधिहरु र सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु गरी जम्मा ११५जनाको उपस्थितिमा भएको बैठकले गठन गरिए अनुरुप ४८ सदस्यीय "समन्वय समिति"

| सी.न. | नाम र थर | ठेगाना | संस्थाको नाम |
|---|---|---|---|
| १ | श्री रामचन्द्र तिवारी | व्या.न.पा | प्रमुख एव कार्यकारी अधिकृत |
| २ | श्रीमाननीय रामचन्द्र पौडेल | व्या.न.पा.,२ | संवीधान सभा सदस्य |
| ३ | श्री अतेन्द्र केशरी न्यौपाने | व्या.न.पा ,८ | ए.ने.क.पा. माओवादी |
| ४ | श्री रामचन्द्र बस्नेत | व्या.न.पा, २ | नेपाली कांग्रेस |
| ५ | श्री प्रदिप अधिकारी | व्या.न.पा, ८ | ने.क.पा. एमाले |
| ६ | श्री कल्पना पौडेल | व्या.न.पा, २ | ए.ने.क.पा. माओवाद |
| ७ | श्री शशी आचार्य | व्या.न.पा, १० | नेपाली कांग्रेस |
| ८ | श्री कलीला खाँन | व्या.न.पा, २ | ने.क.पा. एमाले |
| ९ | श्री क्य.कुल बहादुर थापा | व्या.न.पा, २ | रा.प्र.पा. नेपाल |
| १० | श्री तारा प्रसाद श्रेष्ठ | व्या.न.पा, ११ | संस्थापक नगर प्रमुख |
| ११ | श्री ध्रुव वाग्ले | व्या.न.पा, २ | पुर्व नगर प्रमुख |
| १२ | श्री बैकुन्ठ न्यौपाने | व्या.न.पा, ११ | आ क.भा.क्याम्पस प्रमुख |
| १३ | श्री प्रदिप काफ्ले | व्या.न.पा, १० | सभापती पत्रकार महासंघ |
| १४ | | व्या.न.पा | जनमुक्ती पार्टि |
| १५ | | व्या.न.पा | जनमोर्चा नेपाल |
| १६ | | व्या.न.पा | रा.प्र.पा. |
| १७ | | व्या.न.पा | जनशक्ति पार्टि |
| १८ | श्री शान्ति रमण वाग्ले | व्या.न.पा , १० | दमौली खा.पा. उ. संस्था |
| १९ | श्री शंकर नारायण श्रेष्ठ | व्या.न.पा, १० | अध्यक्ष जनजाती महासंघ |
| २० | श्री रामलिला सुर्वणकार | व्या.न.पा, | दलित उत्थान मञ्च |
| २१ | श्री डा. रघुनाथ न्यौपाने | व्या.न.पा , १० | शिर्जनसील नागरिक समाज |
| २२ | श्री ससि नेपाली | व्या.न.पा, | |
| २३ | श्री अमृत नेपाली | व्या.न.पा | |
| २४ | श्री हरि सिंह गुरुङ्ग | व्या.न.पा , १ | अध्यक्ष पर्यटन समिति |
| २५ | श्री मोहन वि.क. | व्या.न.पा, १० | अध्यक्ष त.उ.बा.संघ |
| २६ | श्री गोविन्द पन्थ | व्या.न.पा, २ | अध्यक्ष व्यास सामसदायीक सेवा केन्द्र |

| | | | |
|---|---|---|---|
| २७ | श्री प्रताप गुरुङ्ग | व्या.न.पा, ११ | अध्यक्ष एन.जि.ओ नेटवर्क,तनहूँ |
| २८ | श्री उदयराज गौली | व्या.न.पा, २ | सभापति नेपाल रेडकश शोसाईटी ,तनहूँ |
| २९ | श्री हेमकान्त लम्साल | व्या.न.पा, ११ | टोल विकास संस्थाको अध्यक्ष बाट |
| ३० | श्री यज्ञ राना | व्या.न.पा, २ | अध्यक्ष तनहूँ खेलकुद विकास समिति |
| ३१ | श्री अशोक कुमार श्रेष्ठ | व्या.न.पा, १० | अध्यक्ष दमौली हस्पिटल विकास समिति |
| ३२ | श्री जय सापकोटा | व्या.न.पा, | मेनेजर माछापुच्छे बैक लि. |
| ३३ | श्री राजेन्द्र केशरी न्यौपाने | व्या.न.पा, ८ | नविन उपभोक्ता सहकारी |
| ३४ | श्री प्रकाश पन्थ | व्या.न.पा, १ | अध्यक्ष रिसेड तनहुँ |
| ३५ | श्री दिपेन्द्र शाही | व्या.न.पा, ८ | गै.स.स. तनहूँ |
| ३६ | श्री सावित्र रावल | व्या.न.पा, | महिला विकास अधिकृत |
| ३७ | श्री देवनिधी पन्थ | व्या.न.पा, ११ | अध्यक्ष पञ्चमन्दिर संरक्षण समिति |
| ३८ | श्री ईश्वर विष्ट | व्या.न.पा,११ | अध्यक्ष कालीका जंगल पार्क समिति |
| ३९ | श्री समुन्द्र गोदार | व्या.न.पा,४ | पूर्व वडाअध्यक्ष |
| ४० | श्री दोवटे वि.क. | व्या.न.पा.२ | नेपाल दलित आयोग केन्द्रिय सदस्य |
| ४१ | श्री तम बहादुर दरै | व्या.न.पा,१ | पूर्व नगर प्रमुख |
| ४२ | श्री डम्वर देव कैनी | | |
| ४३ | | | अध्यक्ष, जिल्ला सहकारी संघ |
| ४४ | श्री माया नाथ कोइराला | व्या.न.पा,५ | पूर्व वडाअध्यक्ष |
| ४५ | श्री राम हरी वजगाई | व्या.न.पा,३ | |
| ४६ | श्री शुरेस कुमार श्रेष्ठ | व्या.न.पा,५ | पूर्व वडाअध्यक्ष |
| ४७ | श्री कला पुन | व्या.न.पा,७ | मादी गंगा सहकारी |
| ४८ | श्री प्रेम बहादुर दरै | व्या.न.पा,९ | |

**अनुसुची १ (घ)**

मिति २०६७।१।३० का दिन नगरपालिका कार्यकारी अधिकृतको अध्यक्षतामा बसेको योजना टोली तथा शाखा प्रमुखहरुको उपस्थितिमा गठन गरिए अनुरुप सात वटा "विषयगत समितिहरु"

**क) भौतिक विकास समिति**

१) श्री अतिन्द्र केशरी न्यौपाने, संयोजक

२) श्री सडक डिभिजन कार्यालय, सदस्य

३) श्री जिल्ला प्राविधीक कार्यालय, सदस्य

४) श्री जिल्ला सिंचाई कार्यालय, सदस्य

५) श्री जिल्ला खानेपानी कार्यालय, सदस्य

६) श्री नेपाल बिधुत प्राधिकरण, सदस्य

७) श्री राजु पौडेल , सदस्य सचिब

**ख)सामाजिक विकास समिति**

१) श्री रामचन्द्र बस्नेत, संयोजक

२) श्री जिल्ला शिक्षा कार्यालय, सदस्य

३) श्री जिल्ला स्वास्थय कार्यालय, सदस्य

४) श्री महिला विकास अधिकृत, सदस्य

५) श्री शंकर नारायण श्रेष्ठ ,जनजाती महासंघ जिल्ला समिति, सदस्य

६) श्री बरुण पौडेल जिल्ला वालकल्याण अधिकृत, सदस्य

७) श्री गोरा मिया, नेपाल फोटो पत्रकार संघ, सदस्य

८) श्री जिल्ला प्रहरी कार्यालय, सदस्य

९) श्री पम्फा बस्नेत , सदस्य सचिब

**ग) आर्थिक विकास समिति**

१) श्री प्रदीप अधिकारी, संयोजक

२) श्री विष्णु कुमार मल्ल अध्यक्ष , त.उ.वा.संघ दमौली बजार ईकाई, सदस्य

३) श्री नारायणमणि लामिछाने , घरेलु अधिकृत, सदस्य

४) श्री जय सापकोटा , मेनेजर,माछापुच्छे बैक लि., सदस्य

५) श्री हरि सिंह गुरुङ्ग , अध्यक्ष पर्यटन विकास समिति, तनहूँ, सदस्य

६) श्री कृषि विकास कार्यालय , सदस्य

७) श्री कुमार कंचन जि.सी. वा कृष्णराज घिमिरे, सदस्य सचिव

**घ) वित्तिय विकास समिति**

१) श्री कल्पना पौडेल, संयोजक

२) श्री प्रमुख कोष तथा लेखा नियन्त्रक कार्यालय, सदस्य

३) श्री प्रताप गुरुङ्ग ,अध्यक्ष एन.जि.ओ. नेटवर्क , सदस्य

४) श्री अशोक कुमार श्रेष्ठ, राश्ज्व समिति सदस्य, सदस्य

५) श्री शान्तिरमण वाग्ले, पूर्व लेखा समिति सदस्य, सदस्य

६) श्री मोहन कुमार वि.क. अध्यक्ष त.उ.वा.संघ, सदस्य

७) श्री मेघनाथ आचार्य, सदस्य सचिव

**ङ) संस्थागत विकास समिति**

१) श्री शशी आचार्य, संयोजक

२) श्री थमन सिहं राना , सहायक प्रजिअ, सदस्य

३) श्री सूर्यबदना पण्डित , योजना अधिकृत, सदस्य

४) श्री जिल्ला प्राविधिक कार्यालय, सदस्य

५) श्री नेपाल टेलिकम कार्यालय प्रमुख, सदस्य

६) श्री त.उ.वा. संघ, सदस्य

७) श्री रामचन्द्र हड्खले, सदस्य सचिव

**च) वातावरण विकास समिति**

१) श्री कलिला खान, संयोजक

२) श्री जिल्ला वन कार्यालय प्रमुख, सदस्य

३) श्री जिल्ला खानेपानी कार्यालय प्रमुख, सदस्य

४) श्री गिरीजा सुवेदी , रोट्रयाक्ट क्लव, सदस्य

५) श्री अनुज न्यौपाने, बिज्ञान शिक्षक संध, सदस्य

६) श्री राजु आचार्य, सदस्य

७) श्रीकृष्णहरि पौडेल, सदस्य सचिव

**छ) प्रकृतिक प्रकोप व्यावस्थापन विकास समिति**

१) श्री तारा प्रसाद श्रेष्ठ, संयोजक

२) श्री जिल्ला प्रशासन कार्यालय, सदस्य

३) श्री जिल्ला विकास समिति, सदस्य

४) श्री जिल्ला प्रहरी कार्यालय, सदस्य

५) श्री रेडक्रस सोसाईटि तनहुँ, सदस्य

६) श्री भू संरक्षण कार्यालय, सदस्य

७) श्री श्रीकृष्ण बगाले, सदस्य सचिव

**अनुसुची २ (क)**

शहरी विस्तार क्षेत्र निर्धारण गर्ने प्रक्रिया

शहरी विस्तारका लागि नगरमा उपलव्ध विभिन्न किसिमका वाधा, अवसर, सबल पक्ष, चुनौती (strengths, threats) को पहिचान गरी उपलव्ध सेवा सुविधाहरुको अध्ययन विश्लेषणको आधारमा त्यस्ता क्षेत्रहरुको निर्धारण गर्ने कार्य गर्नु पर्दछ। यसका लागि विभिन्न विषयगत नक्साहरु, वातावरणीय सम्वेदनशील क्षेत्रहरुको व्याख्या तथा विश्लेषणको आधारमा शहर विस्तारको लागि वाधा र अवसरहरुको पहिचान गरी विद्यमान भौतिक पूर्वाधारहरुको उपलव्धताको आधारमा शहरी विस्तार क्षेत्र निर्धारण गर्ने एवम् तत् सम्वन्धी नक्सा तयार गर्नुपर्दछ।

नगरका निम्न क्षेत्रलाई शहरी विस्तारका लागि वाधा तथा अवसरहरुको रुपमा लिन सकिन्छ।

**वाधा** (Constraints)

- वातावरणीय सम्वेदनशील क्षेत्र (वन जंगल, नदी/खोला/ताल, ल्याण्डफिल साइट तथा वगर आदि)।
- भूक्षय हुन सक्ने अति भिरालो जमिन।
- विद्यमान निर्मित क्षेत्रहरु (वस्ती, वजार, कल कारखाना आदिले ढाकिएका क्षेत्रहरु)।
- सम्बन्धित निकायहरूद्वारा तय गरिएका सडक तथा उच्च भोल्टेजका विद्युतीय लाइनका अधिकार क्षेत्रहरु।
- आधारभूत सेवा सुविधाहरु पुऱ्याउन निकै खर्चिलो हुने क्षेत्र।
- भूकम्प वा दैवीप्रकोप प्रभावित क्षेत्र।

**अवसर** (Opportunities)

- विद्यमान वस्तीहरूबीच घर वनाउन बाँकी रहेका जग्गा।
- भौतिक पूर्वाधार पुगेका वा सजिलै विस्तार गर्न सकिने क्षेत्रहरु।
- सरकारी स्वामित्वमा रहेका जमिन।
- जग्गाको किनबेचको गति तीव्र भएको क्षेत्र।

**अनुसुची २ (ख)**

शहरी विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमशः विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ।

- निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)
- जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):
- घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु नगर क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

**(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme):** निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन्। तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन। जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन्।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन। जग्गा र घरधनीको सहमतिमा नगर विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ। यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ। स्थानीय स्वायत्त ऐन, २०५५ वमोजिम जग्गा विकास सम्बन्धी काम नगरपालिका आफैले गर्न सक्छ।

**(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):** जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन। जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ। यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ। पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ। यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ। जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन्। विकसित घडेरीको (सबै पूर्वाधारयुक्त र चारपाटे जग्गा) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष

रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

(ग) **घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):** यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्रायः सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ । विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ । काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन् ।